# चाँगुनारायण नगरपालिकाको स्थानीय ज्येष्ठ नागरिक समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत, मिति: २०८२/०८/१७
प्रमाणीकरण मिति: २०८२/०८/१७

**प्रस्तावनाः** यस चाँगुनारायण नगरपालिकाको ज्येष्ठ नागरिकहरुको हक अधिकार संरक्षण तथा सम्बर्द्धन तथा ज्येष्ठ नागरिक नागरिकहरुको हेरविचार, स्याहारसुसार, सम्मान तथा सामजिक सुरक्षा प्रदान गर्ने तथा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ तथा ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ (संशोधनसमेत) र नेपालको संविधान २०७२ को भाग ३ धारा ४१ ले गरेको व्यवस्था अनुरुप कार्य गर्नको लागि ज्येष्ठ नागरिकहरुको स्थानीयस्तरमा विकास गर्न स्थानीय तह, विषयगत कार्यालयहरु तथा गैरसरकारी क्षेत्रहरुबाट सञ्चालित कार्यक्रमहरुमा पारदर्शी जनमुखी, प्रभावकारी र नतिजामूलक बनाई योजना तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्न र संघ तथा प्रदेश सरकारसँग समन्वय र सहजीकरण गर्नको साथै ज्येष्ठ नागरिकहरुको लगत सङ्कलन गर्ने, अभिलेख राख्ने र लगत तथा अभिलेखहरुको अद्यावधिक गर्न नगरपालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाको बैठकद्वारा स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **"चाँगुनारायण नगरपालिका ज्येष्ठ नागरिक समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८२"** रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **अध्यक्ष** भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ।

ख) **सदस्य** भन्नाले समितिको सम्पूर्ण सदस्य सम्झनुपर्छ।

ग) **नगरपालिका** भन्नाले चाँगुनारायण नगरपालिकालाई सम्झनुपर्छ।

घ) **कार्यपालिका** भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ।

ङ) **नगरसभा** भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिमको नगरसभा सम्झनुपर्छ।

च) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

छ) **वडा अध्यक्ष** भन्नाले नगरपालिकाको वडा समितिमा निर्वाचित वडा अध्यक्ष सम्झनुपर्छ ।

ज) **ज्येष्ठ नागरिक** भन्नाले ६० वर्ष उमेर पुरा भएको नेपाली नागरिक सम्झनुपर्छ।

झ) **समिति** भन्नाले यस कार्यविधि अनुसार गठन हुने **स्थानीय ज्येष्ठ नागरिक समन्वय समिति** सम्झनुपर्छ।

जीवन खत्री
नगर प्रमुख

३. **नगरस्तरीय ज्येष्ठ नागरिक समन्वय समिति गठनः**

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उपप्रमुख - उपाध्यक्ष

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

ङ) कार्यपालिका सदस्यहरुमध्येबाट कार्यपालिकाले तोकेको १ महिलासहित २ जना - सदस्य

च) आधारभूत स्वास्थ्य शाखा प्रमुख - सदस्य

छ) नगरस्तरीय ज्येष्ठ नागरिक सञ्जाल वा ज्येष्ठ नागरिक मिलन चौतारीको अध्यक्षहरु मध्येबाट १ जना महिलासहित सहित २ जना - सदस्य

ज) नगरभित्रका ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने समाजसेवीहरुबाट नगरपालिकाले मनोनित गरेको १ जना - सदस्य

झ) महिला, बालबालिका तथा समाज कल्याण शाखा प्रमुख - सदस्य-सचिव

आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ।

४. **नगरस्तरीय ज्येष्ठ नागरिक समन्वय समितिको काम, कर्तव्य र अधिकारः**

नगरस्तरीय ज्येष्ठ नागरिक समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) ज्येष्ठ नागरिकको सम्मान, हकहित र संरक्षणका लागि समुदायसँग सम्बन्धित नगर तथा वडामा सञ्चालित सरकारी, गैरसरकारी र निजी क्षेत्रका कार्यक्रमहरुको सहजीकरण, समन्वय तथा अनुगमन मूल्याङ्कन गर्ने।

ख) नगरपालिका र वडाभित्रका ज्येष्ठ नागरिकहरुको लगत संकलन गर्ने, अभिलेख राख्ने र लगत तथा अभिलेखको अद्यावधिक गर्ने।

ग) ज्येष्ठ नागरिकहरुको संरक्षण र सामजिक सुरक्षा गर्ने योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयनमा सहजीकरणका प्रादेशिक तथा केन्द्रीय ज्येष्ठ नागरिक समिति समक्ष समन्वय गर्ने।

घ) नेपाल सरकारबाट स्वीकृत कार्यक्रम ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धी नीति योजना तथा कार्यक्रम बमोजिम जिल्लास्तरीय कार्यक्रम कार्यान्वयन तथा सोको अनुगमन गर्ने।

ङ) नगरपालिकामा स्थापना भई सञ्चालनमा रहेका हेरचाह केन्द्र, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र एवं मिलन चौतारी/केन्द्र, ज्येष्ठ नागरिक क्लब तथा सञ्जाल एवं ज्येष्ठ नागरिकहरुको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धी काम गर्ने तथा अन्य संघ, संस्थाको कारबाहीको अनुगमन गर्ने ।

च) ज्येष्ठ नागरिकको संरक्षण तथा सामाजिक सुरक्षा सम्बन्धी कार्य गर्न स्थानीय सामुदायिक संस्थालाई परिचालन गर्ने ।

छ) नेपालको संविधान तथा प्रचलित कानून बमोजिम नेपाल सरकारले ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक, अशक्त ज्येष्ठ नागरिकलाई तोकिएको आधारमा वर्गीकरण गरी तोकिए बमोजिमको भत्ता वा सुविधा उपलब्ध गराउनेछ।

जीवन खत्री
नगर प्रमुख

ज) स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार र गैरसरकारी संघ-सस्थाहरुबाट सञ्चालित ज्येष्ठ नागरिक लक्षित बजेट तथा कार्यक्रमबारे कार्यान्वयनका लागि प्रचार प्रसार तथा जानकारी गराउने।

झ) स्थानीय, प्रदेश तथा संघीय कानूनमा तोकिए बमोजिम अन्य काम गर्ने, गराउने।

५. **वडास्तरीय ज्येष्ठ नागरिक समन्वय समिति गठनः**

क) वडा अध्यक्ष - अध्यक्ष

ख) सम्बन्धित वडाको वडा सदस्यहरु - सदस्य

ग) वडाभित्रका वडास्तरीय ज्येष्ठ नागरिक सञ्जालको अध्यक्ष वा ज्येष्ठ नागरिक - सदस्य

घ) मिलन चौतारीको अध्यक्ष वा प्रतिनिधिहरुबाट १ जना महिला सहित ३ जना - सदस्य

ङ) वडा सचिव - सदस्य सचिव

६. **वडास्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) ज्येष्ठ नागरिक समुदायको उत्थान र विकासको लागि सञ्चालन भईरहेका कार्यक्रमहरुमा दोहोरोपना हुन नदिन निगरानीको काम गर्ने,

ख) ज्येष्ठ नागरिकहरुमाथि हुने भेदभाव, अपमानजस्ता अमानवीय व्यवहारबाट पीडितहरुको हकहित र उत्थानका कार्य गर्ने तथा चेतनामुलक सशक्तिकरण जस्ता कार्यक्रम सञ्चालन गर्ने,

ग) ज्येष्ठ नागरिकहरुसँग रहेको आफ्नो अनुभव परम्परगत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग संरक्षण र विकास गर्ने गराउने,

घ) ज्येष्ठ नागरिकहरुको समस्या पहिचान गरी त्यसको समाधानको लागि आवश्यक पर्ने साधन तथा स्रोत उपलब्ध गराउन समन्वय गर्ने,

ङ) ज्येष्ठ नागरिकहरुको तथ्याङ्क एवं विवरण संकलन गर्न लगाई नगरस्तरीय ज्येष्ठ नागरिक समन्वय समितिलाई प्रोफाईल तयार गर्न भूमिका खेल्ने,

च) वडाभित्रका ज्येष्ठ नागरिकका अन्य परिवार सदस्यहरुलाई ज्येष्ठ नागरिक सम्मान तथा आदर र उत्कृष्ट स्याहार गर्ने व्यक्तिहरुलाई थप प्रोत्साहन गर्ने ।

छ) नगरस्तरीय ज्येष्ठ नागरिक समन्वय समितिलाई आवश्यक पर्ने थप सहयोग गर्ने गराउने ।

७. **नगरस्तरीय तथा वडास्तरीय ज्येष्ठ नागरिक समन्वय समितिको बैठक सम्बन्धी व्यवस्थाः**

क) समितिको बैठकको १ वर्षमा कम्तीमा ३ पटक बस्नेछ।

ख) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

ग) समितिको बैठक बस्नुभन्दा कम्तीमा ३ दिन अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनुपर्नेछ।

घ) समितिको कुल सदस्य संख्याको ५१% भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ।

जीवन खत्री
नगर प्रमुख

चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छरिपाटी, भक्तपुर
बागमती प्रदेश, नेपाल

ङ) नगरस्तरीय समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ। वडामा अध्यक्षको अनुपस्थितिमा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नुपर्नेछ।

च) समितिका सदस्यहरुले बैठक तथा अन्य कार्यक्रममा उपस्थित भएबापत कानून बमोजिम भत्ता वा अन्य सुविधा प्राप्त गर्न सक्नेछन्।

८. **थपघट र हेरफेरः** नगरपालिकाको श्रोत, साधनको उपलब्धता र क्षमता तथा ज्येष्ठ नागरिकका आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

९. **बाधा अड्काउ फुकाउः** यो कार्यविधिमा उल्लेख नभएको विषयमा कुनै नीतिगत, व्यवहारिक वा कार्य सम्पादन सम्बन्धी समस्या आईपरेमा चाँगुनारायण नगरपालिकाको कार्यपालिकाले बाधा अड्काउ फुकाउनेछ।

१०. **बचाउ तथा खारेजीः** यस कार्यविधिमा भएका व्यवस्थाहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ तथा नियमावली, २०६५(संशोधनसहित) तथा अन्य प्रचलित कानूनसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

जीवन खत्री
नगर प्रमुख